# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** ७/०८१/०८२ **मितिः** २०८१/०९/०२

**अध्यक्षताः** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन

### उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उपप्रमुख | श्री खड्गमाया पराजुली | |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्नाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव,प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |
| | | |
| | | |

आज मिति २०८१ साल पौष २ गते बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बै.सं. ६/०८१/०८२ को बैठकबाट निम्न बमोजिमका प्रस्तावहरु उपर छलफल गरी सर्वसम्मत रुपमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

१. **समिक्षा ।**

**क.** अघिल्लो कार्यपालिकाको बैठकको निर्णय तथा सोको कार्यान्वयन एवं नगरपालिकाको सेवा प्रवाह तथा योजना सञ्चालनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

२. **जापानको तोनो शहरसँग गरिने समझदारी तथा अतिथी व्यवस्थापन सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः**

मित्रराष्ट्र जापानको इवाते प्रान्तमा रहेको तोनो शहरसँग विगत बाट नै यस नगरपालिकाको अनौपचारिक सम्बन्ध रही आएकोमा उक्त शहरका मेयरज्यूको निमन्त्रणमा यस अर्जुनधारा नगरपालिकाबाट नगर प्रमुखज्यूको नेतृत्वमा एक प्रतिनिधिमण्डलले गत अक्टोबर १९-२१ मा तोनो शहरको औपचारिक भ्रमण गरी आउनु भएको ।भ्रमणमा आगामी दिनमा साँस्कृतिक तथा अन्य क्षेत्रमा मैत्रीपूर्ण सम्बन्ध कायम राख्ने विषयमा छलफल भई आगामी दिनमा भगिनी सम्बन्ध समेत कायम गर्ने विषयमा छलफल भएको ।साथै, उक्त शहरले यस नगरपालिकासँग विभिन्न क्षेत्रहरुमा आगामी दिनमा सहकार्य गर्दै जानका लागि समझदारीपत्रमा हस्ताक्षर गर्न प्रस्ताव प्राप्त भएको र यस नगरपालिकाका नगर प्रमुखज्यूको निमन्त्रणामा आगामी पौष ५-६ गतेसम्म यस नगरपालिकाको भ्रमण गर्न प्रस्ताव गरेको विषयमा थप छलफल तथा निर्णयका लागि प्रस्ताव पेश गरिएको ।

**निर्णयको व्यहोराः**

(१) उक्त प्रस्ताव माथी छलफल गर्दा हाम्रो मित्रराष्ट्र जापानको तोनो शहरसँग आगामी दिनमा मैत्रीपूर्ण सम्बन्धलाई विस्तार गरी भगिनी सम्बन्ध कायम गर्ने गरी हाललाई विभिन्न क्षेत्रहरुका सहकार्य गर्नका लागि संलग्न ढाँचा बमोजिमको समझदारी कायम गर्ने र हस्ताक्षर गर्नका लागि नगरप्रमुखज्यूलाई अख्तियारी दिने निर्णय गरियो ।

**(२)** तोनो शहरको समन्वयमा गैरसरकारी संस्था इम्पावरिङ्ग एसियाले यस अर्जुनधारा नगरपालिकामा एक प्राविधिक शिक्षालय स्थापना गर्ने आयश व्यक्त गरी विगतमा छलफल तथा अन्तर्क्रिया सम्पन्न गरेकोमा उक्त विषयमा थप छलफल गरी अर्जुनधारा-३ स्थित साविक क्वारेन्टिन भवन तथा अर्जुनधारा-८ स्थित नयाँ कृषि बजार स्थित भवनको यस नगरपालिकाका पदाधिकारी तथा तोनो शहरबाट आउने पदाधिकारीहरुले संयुक्त रुपमा अवलोकन गरी उपयुक्त हुने स्थानमा प्राविधिक शिक्षालय (तालिम केन्द्र) स्थापना सम्बन्धि प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

क्रमशः

(३) यस नगरपालिकाको औपचारिक निमन्त्रणामा तोनो शहरका मेयर श्री तादा खाजुहिकोज्यूको नेतृत्वमा आगामी ५-६, पौष २०८१ मा एक प्रतिनिधिमण्डलले यस नगरपालिकाको औपचारिक भ्रमण गर्ने भएकोमा उक्त भ्रमण टोलीलाई नगरपालिकामा भव्यताका साथ स्वागत गर्ने, प्रस्तावित प्राविधिक शिक्षालयका लागि उपयुक्त जग्गाहरुको अवलोकन गराउने, अतिथीहरुको सम्मानमा साँस्कृतिक कार्यक्रम तथा नगरपालिकाका प्रतिनिधि तथा अगुवाहरुसँग अन्तर्क्रिया कार्यक्रम आयोजना गर्ने र उक्त कार्यक्रम तथा स्थानीय आतिथ्यता सम्बन्धि सम्पूर्ण खर्च यसै नगरपालिकाको अतिथी सत्कार शीर्षकबाट खर्च लेख्ने गरी व्यहोर्ने निर्णय गरियो ।

## ३. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा ।

यस अर्जुनधारा नगरपालिकाको "घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५" अनुसार घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र लिन तोकिए बमोजिमको कागजात संलग्न राखी इजाजतपत्र पाउनका लागि देहाय बमोजिमका निर्माण व्यवसायीहरुको निवेदन दिएकोमा नगर कार्यपालिकाको कार्यालयको प्राविधिक शाखाबाट कार्यविधिमा तोकिए बमोजिमको मापदण्ड पुरा गरेको भनी सिफारिस सहित इजाजतपत्र जारी गर्नका लागि कार्यविधिको दफा ३ बमोजिम नगर कार्यपालिकाको बैठकमा निर्णयार्थ बैठकमा पेश भएको ।

| सि.नं. | फर्मको नाम | ठेगाना | प्रोपाइटरको नाम |
|---|---|---|---|
| १ | बिआरबी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | अर्जुनधारा-७ | विशाल भण्डारी समेत |

**<u>निर्णयको व्यहोरा:</u>** उक्त प्रस्ताव माथी छलफल हुँदा अर्जुनधारा नगरपालिकाको **घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५** बमोजिम तोकिएको मापदण्ड पुरा भई प्राविधिक सिफारिस प्राप्त भएका माथिको प्रस्तावमा उल्लेखित फर्महरुलाई प्रचलित कानून बमोजिम तोकिए बमोजिमको कार्य गर्न घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र जारी गर्ने निर्णय गरियो ।

४. **स्पष्टिकरण माग गर्ने सम्बन्धमा ।**

**प्रस्तावको व्यहोरा:** यस कार्यालयको ठेक्का नं ठेक्का नं AM/IR/04/081-82 टाङटिङ ठुलो नेते दोभान दक्षिण र ठुलो नेते खोलाबाट नदीजन्य पदार्थको उत्खनन तथा ठेक्का नं AM/IR/06/081-82 टाङटिङ सुखानी दोभान क्षेत्र टाङटिङ तर्फ र सुखानी खोला पुल दक्षिणबाट नदीजन्य पदार्थको उत्खनन तथा विक्री सम्बन्धि ठेक्काका लागि ठेक्का प्रस्ताव गरेको एक मात्र फर्म श्री भिन्टेज कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. माइजोगमाइ इलामले विगतमा तोकिएको अवधि भित्र सम्झौता गर्न  नसकी सम्झौता गर्नका लागि म्याद थप मागेकोमा यस नगर कार्यपालिकाको बैठकबाट २०८१ मंसिर मसान्तसम्मको म्याद दिइएको ।उक्त म्याद भित्र समेत निज ठेकेदार कम्पनी सम्झौता गर्न नआएको हुँदा उक्त विषयमा थप छलफलका लागि प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोरा:** यस प्रस्ताव माथि छलफल गर्दा उक्त ठेक्का प्रस्तावक फर्म श्री भिन्टेज कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. माइजोगमाइ इलामललाई सम्झौता गर्न नआउनुको कारण सोधनी गरी १५ दिनको म्याद दिई स्पष्टिकरण माग गर्ने  र  उक्त अवधि भित्र उपयुक्त स्पष्टिकरण पेश गरी सम्झौता गर्न आएमा ठेक्का सम्झौता गर्ने र उक्त अवधिमा पनि सम्झौता गर्न नआएमा कानून बमोजिम प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**५. विपद् संवेदनशिल क्षेत्रबाट नदीजन्य पदार्थको संकलन सम्बन्धमा।**

**प्रस्तावको व्यहोराः** यस नगरपालिकाबाट चालु आर्थिक वर्ष २०८१/०८२ का लागि नदीजन्य पदार्थको उत्खनन संकलन सम्बन्धि प्रारम्भिक वातावरणीय परीक्षण गर्दा पहिचान भएका यस अर्जुनधारा नगरपालिका भएर बहने बिरिङ टाङटिङ लगायतका नदीहरुका देहाय बमोजिमका क्षेत्रहरुमा अत्याधिक मात्रामा नदीजन्य पदार्थको थुप्रिन गएको , ती स्थानमा रहेको नदीजन्य पदार्थको उत्खनन तथा संकलन नगरेमा वर्षाद्को समयमा बाढी बस्ती तर्फ पस्ने जोखिममा रहेको हुनाले ती स्थानहरुबाट नदीजन्य सामाग्री उत्खनन गरी व्यवस्थापन गर्ने विषयमा छलफल तथा निर्णयका लागि प्रस्ताव पेश भएको ।

**देहायः**

१. **बिरिङ्ग खोला**

क. मदन भण्डारी पुलबाट ५०० मि दक्षिण

ख. कैलासघाट

२. **ठुलो नेते खोला**

क. गौमुखी क्षेत्र झोलुङ्गे पुल उत्तर

ख. गौमुखी क्षेत्र झोलुङ्गे पुल दक्षिण

३. **गोयाङ खोला**

क. मदन भण्डारी पुल उत्तर सुन्तले खोल्सी पश्चिम

४. **टाङटिङ खोला**

क. गोयाङ दोभान झोलुङ्गे पुल क्षेत्र

ख. टाङटिङ दहिझोडा पुल क्षेत्र

**निर्णयको व्यहोराः** उक्त प्रस्तावमा छलफल गर्दा उक्त क्षेत्रहरुमा रहेका नदीजन्य पदार्थहरु अधिक मात्रामा थुप्रन गई वर्षाद्को समयमा आउने भेलबाढी बस्तीतर्फ पस्ने जोखिम समेत हुने हुनाले तत्काल व्यवस्थापन गर्नुपर्ने देखिएको हुँदा यस नगरपालिकाले तयार गरेको प्रारम्भिक वातावरणीय परीक्षणमा उल्लेखित परिमाण बमोजिमका नदीजन्य पदार्थ उत्खनन तथा संकलन गरी व्यवस्थापन गर्न आवश्यक प्रक्रिया अघि बढाउने र सो कार्यका लागि जिल्ला विपद् व्यवस्थापन समितिसमक्ष अनुमतिका लागि अनुरोध गर्ने निर्णय गरियो ।

## ६. बजेट विनियोजन सम्बन्धमा ।

**प्रस्तावको व्यहोराः**

यस अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८१-०१-१२ गतेको बैठकबाट अर्जुनधारा नगरपालिका र बिर्तामोड नगरपालिकाको साझेदारीमा ठेक्का बन्दोवस्त भएको टेकबहादुर गिरी बसपार्कको यस नगरपालिकाको हिस्सामा पर्ने ४० प्रतिशत बराबरको आय प्राप्त भएपश्चात उक्त आयलाई नगरपालिकाको आम्दानी बाँधी अर्जुनधारा-८ कदमगाछी मेनकाटोलमा नाला निर्माणका लागि रु ५ लाख र वडा नं ११ बसापार्क क्षेत्रमा रु १० लाख विनियोजन गरी गर्ने निर्णय भएकोमा बिर्तामोड बसपार्कबाट प्राप्त हुनु पर्ने आय समयमा प्राप्त हुन नसकी आयोजना कार्यान्वयन हुन नसकेकोमा उक्त आय चालु आर्थिक वर्षमा नगरपालिकाको खातामा जम्मा भएको हुँदा जम्मा भएको आयलाई आम्दानी जनाई साविकमा छनौट भएका योजनाहरुमा विनियोजन गर्ने र उक्त योजना अनुमोदनका लागि नगर सभामा पेश गर्ने विषय छलफलका लागि पेश भएको।

अर्जुनधारा नगरपालिका, ४ नं वडा कार्यालयको मिति २०८१/ ०९/ ०१ गतेको पत्रबाट अर्जुनधारा नगरपालिका वडा नं ४ मा रहेका हाइटेन्सन लाइनका विद्युत पोल तत्काल स्थानान्तरण गर्नु पर्ने भएकाले सो कार्यका लागि आवश्यक बजेट व्यवस्था गरिदिन भनी माग सहित सिफारिस प्राप्त भएको ।

**निर्णयको व्यहोराः**

उक्त प्रस्ताव उपर छलफल गरी प्रस्तावमा उल्लेखित बसपार्कबाट प्राप्त हुने आयलाई नगरपालिकाको जहाँ अभर त्यहाँ नगर कार्यक्रमबाट बजेट थप गरी उक्त थप हुने बजेटबाट साविकमा विनियोजन भएकै आयोजनाहरु तथा स्वीकृत वार्षिक बजेट अन्तर्गत जहाँ अभर त्यहाँ नगर कार्यक्रमबाट ४ नं वडा कार्यालयको सिफारिस बमोजिम देहायानुसारको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम/ आयोजना | रकम (रु) |
|---|---|---|
| १ | अर्जुनधारा-८ कदमगाछी मेनकाटोलमा नाला निर्माण (जहाँ अभर त्यहाँ नगर कार्यक्रम ) | ५ लाख |
| २ | बसपार्कबाट मातामन्दिरमा नाला निर्माण | १० लाख |
| २ | वडा नं ४ मा रहेका हाइटेन्सन लाइनका विद्युत पोल तत्काल स्थानान्तरण (जहाँ अभर त्यहाँ नगर कार्यक्रम ) | ५ लाख |
| ४ | नगरस्तरीय चासोक ताम्नाङ्ग समारोहका लागि सहयोग | १ लाख ५० हजार |

## ७. उपमेयर प्रस्तावनामा आधारित कार्यक्रम सञ्चालन सम्बन्धमा ।

### प्रस्तावको व्यहोरा

यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रम अन्तर्गत उपमेयर प्रस्तावनामा आधारित कार्यक्रमका लागि रु ५० लाख विनियोजन भएकोमा सो शीर्षकबाट खर्च लेखिने कार्यक्रमका सम्बन्धमा निर्णयका लागि प्रस्ताव भएको ।

### निर्णयको व्यहोरा

यस प्रस्तावमा छलफल गर्दा यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रम अन्तर्गत उपमेयर प्रस्तावनामा आधारित कार्यक्रमका लागि रु ५० लाख बजेट यस नगरपालिकाका विभिन्न अत्यावश्यक आयोजना सञ्चालन, कार्यक्रम सहयोग लगायतका क्षेत्रमा उपप्रमुखज्यूको स्वीकृतिमा खर्च लेख्ने गरी विनियोजन भएको हुँदा वडा समिति, उपभोक्ता समिति, समूह, संघसंस्था, उद्योग तथा व्यक्तिहरुबाट प्राप्त माग निवेदन, प्राप्त प्रस्ताव तथा उपप्रमुखज्यूबाट अनुगमन हुँदा अत्यावश्यक देखिएका सार्वजनिक क्षेत्रमा विनियोजन गर्ने गरी कार्यक्रम स्वीकृत गर्न उपप्रमुखज्यूलाई अख्तियारी दिने र यसरी स्वीकृत भएका आयोजना, कार्यक्रमहरुलाई एकमुष्ट रुपमा अनुमोदनका लागि नगर कार्यपालिका तथा नगर सभामा पेश गर्ने निर्णय गरियो ।

८. बहुवर्षीय ठेक्का व्यवस्थापन सम्बन्धमा ।

## प्रस्तावको व्यहोरा

अर्जुनधारा नगरपालिका वडा नं ६ को महानन्द चौक-माता मन्दिर हुँदै प्रणामी मन्दिर जाने सडक स्तरोन्नति तथा नाला निर्माणका लागि बहुवर्षीय ठेक्का व्यवस्थापन गर्ने विषय छलफलका लागि पेश भएको ।

## निर्णयको व्यहोरा

उक्त विषयमा छलफल हुँदा यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/ ०८२ को स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रम अन्तर्गत नेपाल सरकारको सशर्त अनुदान अन्तर्गत महानन्द चौकबाट माता मन्दिर हुँदै अदुवा खोलासम्म जाने बाटो स्तरोन्नतिका लागि रु ५० लाख विनियोजन भएको र महानन्द चौकबाट माता मन्दिर लक्ष्मी माध्यमिक विद्यालय हुँदै प्रणामी मन्दिर जोड्ने सडक विस्तार तथा नाला निर्माणका लागि नेपाल सरकारको समपुरक योजना स्वीकृत हुँदा नै उक्त योजना ३ वर्षमा सम्पन्न हुने गरी बहुवर्षीय योजना स्वीकृत भएको हुँदा आगामी आर्थिक वर्षमा उक्त योजनाका लागि प्राप्त हुने रकम रु १ करोड ४० लाख समेत समावेश गरी बहुवर्षीय ठेक्का ठेक्का व्यवस्थापन गर्ने निर्णय सर्वसम्मतिले गरियो ।